स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र विकास बोर्डले प्रदर्शनरत फिल्महरूको कमाइ विवरण सार्वजनिक गरेको छ। २ जेठ शनिबार मध्यरातसम्मको कमाइ विवरण हेर्दा "लालीबजार"को कमाइ उत्साहजनक देखिन्छ। "लालीबजार" ले प्रदर्शनको ९ दिनसम्म देशब्यापी ३ करोड ४२ लाख ६१ हजार ७७९ रुपैयाँ ग्रस कमाएको छ। यो फिल्मलाई सोही अवधिसम्म १ लाख १४ हजार ४८६ जनाले हेरेका छन्। "लालीबजार" २५ वैशाखदेखि प्रदर्शनमा आएको थियो।

**आजको विचार...**



रेमिट्यान्स...
(दुई पेजमा)

आरके शर्मा

"भाइजान"को रुपमा परिचित बलिउडका सुपरस्टार सलमान खानले आफूले अहिलेसम्म कुनैपनि फिल्मको स्क्रिप्ट नपढेको बताएका छन्। बलिउड मिडिया "भेराइटी इन्डिया"सँगको कुराकानीमा उनले यस्तो बताउका हुन् । "मैले आफ्नो जीवनमा कहिल्यै स्क्रिप्ट पढेको छैन। मैले स्क्रिप्टहरु लेखेको छु, तर पढेको चाहिँ छैन" उनले भनेका छन्। फिल्मको कथा सुन्ने तर स्क्रिप्ट नै नपढ्ने गरेको उनको भनाई छ।



❑ वर्ष ३१ ❑ अंक २९० ❑ २०८३ जेठ ५ गते मंगलबार 19 May 2026, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा संविधान संशोधन बहस

**राजनीतिक दलका नेताहरुले संविधानको प्रस्तावना बाहेकका कुराहरुमा समय अनुसार संशोधन गरेर जानुपर्नेमा जोड दिएका छन् । उनीहरुले संघीयताले देशलाई अझै बलियो बनाएर लैजाने तर व्यवस्थापकिय पक्ष कमजोर रहेकोले सुधार आवश्यक रहेको बताएका छन् ।**

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ ४/संविधान संशोधनको लागि कार्यदल गठन गरी संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुसँग सुझाव मागेसँगै संविधान संशोधनको विषय पुन: बहसमा आएको छ । संविधान जारी भएयताको पछिल्लो एक दशकमा संशोधनको बहस पटक-पटक भए पनि दलहरूले यो विषयलाई लोकरिझ्याइँ र सत्ता समीकरण मिलाउने औजार मात्र बनाएका थिए । यसपटक झन्डै दुईतिहाइ बहुमत नजिक पुगेको रास्वपाले यो बहसलाई यथार्थमा रूपान्तरण गर्ने अवसर पाएको छ ।

सरकारले संविधान संशोधनको लागि कार्यदल गठनपछि अहिले राजनीतिक दलहरुबिच छलफल, अन्तर्क्रियाहरु भइरहेका छन् । पाल्पामा पनि वर्तमान राजनीतिक अवस्था र संविधान संशोधनका विषयमा अन्तर्क्रिया तथा बहसहरु भएका छन् । राष्ट्रिय जनमोर्चा पाल्पाले जिल्लाका




राजनीतिक दल, नागरिक समाज, पत्रकारहरुसँग वर्तमान राजनीतिक अवस्था र संविधान संशोधनका विषयमा जिल्लाको तानसेनमा अन्तर्क्रिया गरेको छ । कार्यक्रममा अधिकांश राजनीतिक दलका नेता तथा प्रतिनिधीहरुले संविधानको प्रस्तावना बाहेकका कुराहरुमा समय अनुसार संशोधन गरेर जानुपर्नेमा जोड दिएका छन् । नेपालको आर्थिक अवस्था सुहाउँदो संघीयता नभएको राष्ट्रियता जनमोर्चाले दावी गरिरहेको अवस्थामा सहभागीहरुले संघीयताले देशलाई अझै बलियो बनाएर लैजाने तर व्यवस्थापकिय पक्ष कमजोर रहेकोले सुधार आवश्यक रहेको बताएका छन् । २०७२ मा शतप्रतिशत अपनत्व लिने गरी संविधान जारी नभएकाले १० बर्षको अवधिमा देखिएका कमीकमजोरीलाई सुधार गर्दै संविधान संशोधन गर्न जरुरी रहेको उनीहरुको जोड छ । संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, शासकिय स्वरुप, निर्वाचन प्रणालीलाई संशोधन गर्दा देशमा अर्को द्वन्द्व निम्तिन सक्ने, विदेशीहरुले खेल्न सक्ने भएकाले यी विषयमा संशोधनको जरुरी नभएको कार्यक्रममा बोल्ने अधिकाश बक्ताहरुले बताएका छन् । सरकारले संविधान संशोधनको लागि संविधान सम्बन्धी विज्ञ टोली बनाएर सुझाव संकलन गरेमा अझ प्रभावकारी हुनेमा सहभागीहरुले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### क्यानडामा हान्ताभाइरस सङ्क्रमण ३ को मृत्यु

(रासस/सिन्ह्वा)

**ओटावा,** जेठ ४/क्यानडाको सार्वजनिक स्वास्थ्य एजेन्सी (पीएचएसी) ले हान्ताभाइरसको पहिलो पुष्टि भएको सङ्क्रमण फेला परेको जनाएको छ । सङ्क्रमित व्यक्ति हाल ब्रिटिश कोलम्बियामा आइसोलेसनमा रहेका एक क्रुज यात्रु हुन् । पीएचएसीले आइतबार जारी गरेको विज्ञप्तिअनुसार, ब्रिटिश कोलम्बियाबाट संकलन गरिएका नमूनाहरू पुष्टि परीक्षणका लागि विनिपेगस्थित राष्ट्रिय माइक्रोबायोलोजी प्रयोगशालामा पठाइएको थियो । प्रयोगशाला परीक्षणपछि एक व्यक्तिमा शनिबार हान्ताभाइरस संक्रमण पुष्टि भएको एजेन्सीले जनाएको छ । सङ्क्रमित व्यक्तिसँगै यात्रा गरेका अर्का व्यक्तिको परीक्षण भने नेगेटिभ आएको छ । हालसम्म थप सङ्क्रमित फेला नपरेको जनाइएको छ । पीएचएसीका अनुसार, उच्च जोखिममा रहेका सम्पर्कहरू आइसोलेसनमा छन् र स्थानीय स्वास्थ्य अधिकारीहरूले उनीहरूको निरन्तर निगरानी गरिरहेका छन् । साथै, क्यानडाको सर्वसाधारण जनतामा हालका लागि संक्रमणको जोखिम कम रहेको एजेन्सीले स्पष्ट पारेको छ । यो सङ्क्रमण ध्रुवीय क्षेत्रमा भ्रमण गर्ने 'एमभी होन्डियस' नामक अभियानात्मक क्रुज जहाजमा देखिएको हो ।

## गुल्मीमा मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु



**गुल्मी,** जेठ ४/कालीगण्डकी करिडोरअन्तर्गत रुद्रवेणी-पुर्तिघाट सडकखण्डमा आइतबार राति मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक स्याङ्जा, कालीगण्डकी गाउँपालिका-३ भुस्तुङ निवासी ३४ वर्षीय लक्ष्मण थापा र सोही ठाउँका ४५ वर्षीय गिरमान सिंह राना रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक गङ्गाबहादुर सारुले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार आइतबार राति करिब १० बजे सत्यवती गाउँपालिका-१ ठूलाबगर छल्दीस्थित रुद्रवेणीबाट चेमीतर्फ जाँदै गरेको लु३६प ३६२७ नम्बरको मोटरसाइक्ल सडकबाट करिब तीन मिटर तल खसेको थियो । दुर्घटनामा घाइते भएका थापाको टाउकोमा चोट लागेको थियो भने रानाको टाउको र खुट्टामा चोट लागेको थियो । उनीहरु दुवैजनाको उपचारका क्रममा प्राथमिक स्वास्थ्य केन्द्र रिडीमा आइतबार राति मृत्यु भएको प्रहरी जनाएको छ । दुर्घटनाको जानकारीप्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय जोहाङबाट प्रहरी नायब निरीक्षक नरेन्द्रबहादुर विक र इलाका प्रहरी कार्यालय रिडीबाट प्रहरी निरीक्षक ज्ञानबहादुर माझीको नेतृत्वमा प्रहरी टोली तत्कालै घटनास्थल पुगेको थियो । प्रहरीले मोटरसाइकल नियन्त्रणमा लिएको जनाएको छ । शवलाई सोमबार बिहान घटनास्थलमा मुचुल्का गरी परीक्षणका लागि गुल्मी अस्पताल तम्घास ल्याई पुऱ्याइएको प्रहरीले जनाएको छ । *-रासस*

## छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु

**पाल्पा,** जेठ ४/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार डुबेर तीन जना र सवारी दुर्घटनामा परी दुई जनाको ज्यान गएको हो ।

कपिलवस्तुको बुद्धभूमी नगरपालिका-७ प्युसनगरमा पोखरीमा डुवेर एक बालकको मृत्यु भएको छ । सोही ठाउँका राम बचन लोनियाको २ वर्षीय छोरा पवन लोनियाको घर नजिकैको पोखरीमा डुबेर मृत्यु भएको हो । यस्तै धनुषाको धनुषाधाम नगरपालिका-७ किसानपुरस्थित पोखरीमा डुबेर मिथिला बिहारी नगरपालिका-८ कचुरी बस्ने शम्भु मलिककी छोरी ११ वर्षीया मधु मलिकको मृत्यु भएको छ । डुबेर अशक्त भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । यसैगरी धनुषाको कमला नगरपालिका-५ स्थित पोखरीमा डुबेर सोही नगरपालिका-५ गोईत टोल बस्ने राम नारायण यादवको छोरा ४




वर्षीय रोहन यादवको पनि घटनास्थलमै मृत्यु भएको छ । यस्तै प्युठानको प्युठान नगरपालिका-१ खैरास्थित झिमरूक खोलामा डुबेर सोही ठाउँ बस्ने श्रीधर आचार्यको छोरा १४ वर्षीय नोबेल आचार्यको मृत्यु भएको छ । पौडी खेल्ने क्रममा डुबेर अशक्त भएका उनको जिल्ला अस्पताल बिजुवारमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बढ्दो बेरुजु

हरेक वर्ष बढ्दो क्रममा रहेको बेरुजु नियन्त्रण गर्न सरकार असफल भएको छ । महालेखा परीक्षकको कार्यालयले हरेक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनमा अर्बौं बेरुजु देखिने गरेको छ । कुनै पनि कार्यालयमा वा सरकारमा बेरुजु देखिनु भनेको वित्तीय अनुशासन नहुनु हो । महालेखा परीक्षकको कार्यालयले गत शुक्रबार सार्वजनिक गरेको ६३ औँ वार्षिक प्रतिवेदनले बेरुजुको रेखाचित्र उकालो लगेको छ । प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१–८२ सम्म कुल बेरुजु सात खर्ब ५५ अर्ब १७ करोड पुगेको हो । अघिल्लो वर्ष महालेखा परीक्षकको ६२ औँ वार्षिक प्रतिवेदनमा नेपालको कुल बेरुजु करिब छ खर्ब ७३ अर्ब रुपियाँ हाराहारी मात्र थियो । बेरुजु घटाई सुशासन प्रवर्द्धन गर्नुपर्नेमा एकै वर्षमा ८० खर्ब भन्दा बढीले बेरुजु बढ्नु राम्रो हैन ।

बेरुजु तीन तहकै सरकारमा विस्तारित छ । संघीय सरकारको बेरुजु सबैभन्दा बढी अर्थ मन्त्रालयमै देखिनु भने अर्को विडम्बना भएको छ । सबैलाई वित्तीय सुशासनको नमुना प्रस्तुत गर्नुपर्ने संघीय मन्त्रालयमध्ये अर्थ मन्त्रालय र मातहतका निकायमा सबैभन्दा धेरै बेरुजु देखिएको छ । अर्थ मन्त्रालयको एकै वर्षको बेरुजु ३७ अर्ब ६३ करोड ३१ लाख रहेको छ । रकम विनियोजन गर्ने निकाय अर्थ मन्त्रालयको सबैभन्दा धेरै बेरुजु देखिएपछि देशको आर्थिक सुशासन कस्तो रहेछ भन्ने बुझ्न सकिन्छ । त्यसपछि साबिकको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सात अर्ब १० करोड रुपियाँ बेरुजु देखिएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा एक अर्ब ५३ करोड बेरुजु छ । अरू मन्त्रालय पनि बेरुजुविहीन देखिन सकेनन् । बढ्दो बेरुजु वित्तीय सुशासनका निम्ति ठूलो चुनौती हो । बेरुजु बढ्नुमा शासनसत्ता हाँक्नेहरू नै वित्तीय सुशासन कायम गर्नुको सट्टा भ्रष्टाचार र अनियमिततामा संलग्न हुँदा बेरुजु अंक उकालो लागिरहेको हो । वर्षमै खर्बमा बढेको बेरुजुले राज्यकोष सञ्चालनमा मौलाएको बेथिति उजागर गर्छ । यसले मुलुकको आर्थिक पारदर्शितामा प्रश्न उठाएको छ । वास्तवमा बेरुजुलाई सामान्य र स्वाभाविक रुपमा लिने प्रवृत्तिका कारण हरेक वर्ष यसको अंक थपिएको हो । निश्चित अवधिभित्र बेरुजु फछ्र्याेट नगरे भ्रष्टाचार ठहरिने र त्यसका लागि कठोर कानुनी कारवाही बहन गर्नुपर्ने नीति कडाइका साथ लागु गरियो भने मात्र यसको अंक घट्दै जाने छ । वर्तमान सरकारले सेवा प्रवाहमा सुधार गरी जनअपेक्षा सम्बोधन गरिरहेको छ । अब वित्तीय अनुशासन कायम गराई बेरुजु न्यूनीकरण हुनेमा आशा गर्न सकिन्छ ।

### Opinion @ Social Network

बिश्वास कसैको लाग्दैन
यहाँ सबै मिठो बोल्छन् तर सत्य बोल्दैनन ।
*(पवन सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Paban.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रेमिट्यान्स इन्भेस्टमेन्ट म्याचिङ फन्ड : श्रमिकको पसिनाबाट राष्ट्र निर्माणको आधार



## आरके शर्मा

*उनीहरूले त्यसलाई पूर्वाधार वित्तपोषण, सार्वभौम लगानी, औद्योगिकीकरण र राष्ट्र निर्माणसँग जोडे । नेपालले पनि अब त्यही मोडेलतर्फ अघि बढ्नुपर्छ । कतार, यूएई, साउदी अरब, मलेसिया, कोरिया, जापान, युरोप र अन्य देशमा रहेका नेपाली श्रमिकहरूको सानो-सानो मासिक योगदानलाई डिजिटल, पारदर्शी र विश्वसनीय संरचनामा जोड्न सकियो भने त्यो केवल एउटा बचत कार्यक्रम मात्र हुने छैन, बरु नेपालको सबैभन्दा ठुलो नागरिक-आधारित पुँजी निर्माण अभियान बन्नेछ ।*

सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा रेमिट्यान्सलाई उपभोगबाट उत्पादनशील लगानीमा रूपान्तरण गर्ने महत्वपूर्ण घोषणा गरिएको छ । रेमिट्यान्स-इन्भेस्टमेन्ट फन्ड (विप्रेषण-लगानी मिलान कोष) सञ्चालन गरेर रेमिट्यान्सलाई उपभोगबाट उत्पादनशील लगानीमा रूपान्तरण गर्ने सरकारको नीति छ । नेपाल सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा रेमिट्यान्स इन्भेस्टमेन्ट म्याचिङ फन्ड समावेश गर्नु केवल एउटा नयाँ आर्थिक कार्यक्रम घोषणा गर्नु मात्र होइन, यो दशकौँदेखि बिदेसिएको नेपाली श्रमलाई राष्ट्रिय पुँजी निर्माणसँग जोड्ने सम्भावित ऐतिहासिक मोड पनि हो । विगत तीन दशकदेखि नेपालको अर्थतन्त्र मुख्यत: रेमिट्यान्समा टिकेको यथार्थ हामीसामु छर्लंग छ । लाखौं नेपाली युवाले आफ्नो श्रम, पसिना, परिवार र जीवनको महत्त्वपूर्ण समय विदेशमा खर्च गरेर देशको अर्थतन्त्र धानेका छन् । आज नेपालको विदेशी मुद्रा सञ्चिति, उपभोग बजार, बैंकिङ तरलता, घरजग्गा कारोबारदेखि राज्यको वित्तीय स्थायित्वसम्म रेमिट्यान्सकै आधारमा टिकिरहेको छ । तर विडम्बना के छ भने जसले देशको अर्थतन्त्र बचाइरहेका छन् ती श्रमिकहरू स्वयं भने दीर्घकालीन सामाजिक सुरक्षा, बचत, पेन्सन र सम्मानजनक पुनर्स्थापनाबाट अझै वञ्चित छन् । नेपालको विकास मोडेलको सबैभन्दा ठुलो विरोधाभास नै यही हो कि रेमिट्यान्सले अर्थतन्त्र धानिरहेको छ, तर त्यसले ठोस राष्ट्रिय पुँजी निर्माण गर्न सकेको छैन । आजसम्म रेमिट्यान्सको ठुलो हिस्सा उपभोग, घर निर्माण, ऋण तिर्ने, आयातित वस्तुको खरिद तथा अल्पकालीन खर्चमै सीमित रहँदै आएको छ । परिणामस्वरूप, देशमा डलर त भित्रिएको छ तर त्यसलाई उत्पादनशील राष्ट्रिय सम्पत्तिमा रूपान्तरण गर्ने संरचना निर्माण हुन सकेको छैन । यदि यही प्रवाहलाई सही नीति, विश्वसनीय संरचना र दीर्घकालीन दृष्टिकोणमार्फत परिचालन गर्न सकियो भने बिदेसिएको नेपाली श्रम इतिहासमै पहिलो पटक नेपालको सबैभन्दा ठुलो राष्ट्रिय पुँजी निर्माणको आधार बन्न सक्छ । रेमिट्यान्स म्याचिङ फन्ड अहिलेको समयमा किन निर्णायक विषय बनेको छ भन्ने कुरालाई गम्भीरतापूर्वक विश्लेषण गर्न जरुरी छ । आज नेपाल यस्तो मोडमा उभिएको छ जहाँ रेमिट्यान्स केवल एउटा आर्थिक सूचक मात्र होइन । यो त राष्ट्रिय अस्तित्वसँगै जोडिएको गम्भीर विषय बनेको छ । तथ्याङ्कलाई हेर्ने हो भने आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामै नेपालले १.४५ ट्रिलियन रुपैयाँभन्दा बढी रेमिट्यान्स प्राप्त गरिसकेको छ । नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब २५ देखि २७ प्रतिशत हिस्सा अहिले रेमिट्यान्सले नै धानेको छ । झन्डै ३५ लाख नेपाली श्रमिकहरू विश्वका विभिन्न मुलुकमा कार्यरत छन् र नेपाल दक्षिण एसियाकै सबैभन्दा बढी रेमिट्यान्समा आधारित अर्थतन्त्रमध्ये एक बनेको छ । यति ठुलो आर्थिक योगदान हुँदाहुँदै पनि वैदेशिक श्रमिकको अधिकांश जीवन भविष्यको सुरक्षा बिनाको आम्दानीको चक्रमा सीमित हुनु दु:खद पक्ष हो । विशेषगरी खाडी क्षेत्र तथा पश्चिम एसियामा बढ्दो भू-राजनीतिक अनिश्चितता, श्रम बजारमा भित्रिएको स्वचालन, विभिन्न देशका राष्ट्रियकरण नीति, तेल-आधारित अर्थतन्त्रको पुनर्संरचना र क्षेत्रीय अस्थिरताले आगामी दशकमा नेपाली श्रमिकको भविष्य झन् अनिश्चित बनाउँदै लगेको छ । त्यसैले अहिलेको मूल प्रश्न केवल कति रेमिट्यान्स आयो भन्ने मात्र होइन, बरु नेपालले बिदेसिएको श्रमलाई राष्ट्रिय पुँजीमा रूपान्तरण गर्न सक्छ कि सक्दैन भन्ने हो । यस सन्दर्भमा मैले एईसी पेरिसअन्तर्गत ‘Executive MBA Capstone Research’ मा ‘Utilization या Remittance for Securing the Future of Migrant Workers and Development of Nepal’ शीर्षकमा गरेको अध्ययन तथा पछिल्लो वर्षहरूमा गरिएको थप अनुसन्धानले एउटा अत्यन्त महत्त्वपूर्ण निष्कर्ष दिएको थियो । उक्त अनुसन्धानको मुख्य सार यदि नेपालले वार्षिक रेमिट्यान्सको केवल ५ देखि १० प्रतिशत हिस्सालाई मात्र संरचित लगानी कोषमा रूपान्तरण गर्न सकेमा, नेपालले ऊर्जा, पूर्वाधार, औद्योगिकीकरण र सामाजिक सुरक्षामा ऐतिहासिक फड्को मार्न सक्छ भन्ने थियो । आज नेपालको वार्षिक रेमिट्यान्स ११-१२ अर्ब अमेरिकी डलरभन्दा माथि पुगिसकेको अवस्थामा यसको सम्भावना झन् विराट भएको छ । यदि कुल रेमिट्यान्सको १० प्रतिशत मात्रै पनि दीर्घकालीन राष्ट्रिय लगानी कोषमा प्रवेश गराउन सकियो भने हजारौं मेगावाट जलविद्युत् निर्माण सम्भव हुन्छ, पूर्वाधार तथा औद्योगिक परियोजनामा घरेलु पुँजीको विस्तार हुन्छ, विदेशी ऋणमाथिको निर्भरता घट्छ र पुँजी बजार गहिरो बन्नुका साथै लाखौं श्रमिकको भविष्य सुरक्षित हुन्छ । बिदेसिएको श्रमलाई राष्ट्रिय पुँजी निर्माणमा बदल्नु अबको अनिवार्य आवश्यकता हो । आजसम्म नेपालले रेमिट्यान्सलाई मुख्यत: घरायसी गुजाराको आम्दानीका रूपमा मात्र हेरेको छ । अब त्यसलाई रणनीतिक राष्ट्रिय पुँजीका रूपमा हेर्नुपर्ने समय आएको छ । विश्वका धेरै सफल अर्थतन्त्रहरूले आफ्नो डायस्पोरा पुँजीलाई केवल भावनात्मक सम्बन्धमा मात्र सीमित राखेनन्, उनीहरूले त्यसलाई पूर्वाधार वित्तपोषण, सार्वभौम लगानी, औद्योगिकीकरण र राष्ट्र निर्माणसँग जोडे । नेपालले पनि अब त्यही मोडेलतर्फ अघि बढ्नुपर्छ । कतार, यूएई, साउदी अरब, मलेसिया, कोरिया, जापान, युरोप र अन्य देशमा रहेका नेपाली श्रमिकहरूको सानो-सानो मासिक योगदानलाई डिजिटल, पारदर्शी र विश्वसनीय संरचनामा जोड्न सकियो भने त्यो केवल एउटा बचत कार्यक्रम मात्र हुने छैन, बरु नेपालको सबैभन्दा ठुलो नागरिक-आधारित पुँजी निर्माण अभियान बन्नेछ । मेरो अध्ययनले ‘Migrant Workers Security & Investment Fund’ को आवश्यकताका सन्दर्भमा तीनवटा सम्भावित संरचनाहरूको विश्लेषण गरेको थियो । पहिलो, निजी क्षेत्रमार्फत सञ्चालन हुने लगानी कोषह दोस्रो, विद्यमान सरकारी संस्थाहरूसँग एकीकृत मोडेल र तेस्रो, एउटा पूर्णत: स्वतन्त्र ‘Migrant Workers Security & Investment Fund’ । विश्लेषणको निष्कर्ष के थियो भने सरकार, निजी क्षेत्र, नियामक निकाय र एनआरएनएको सहकार्यमा सञ्चालन हुने स्वतन्त्र, व्यावसायिक र डिजिटल रूपमा व्यवस्थित संरचना नै सबैभन्दा व्यवहारिक विकल्प हुन सक्छ । किनकि प्रवासी नेपालीहरू ८५ भन्दा बढी देशमा छरिएका छन्, धेरै श्रमिकहरू अनौपचारिक श्रम बजारमा छन् र उनीहरूले सानो-सानो रकममा रेमिट्यान्स पठाउने गर्छन् । उनीहरूलाई आकर्षित गर्न सरल, पारदर्शी र विश्वासमा आधारित प्रणालीको खाँचो छ । नेपालको सन्दर्भमा नीति घोषणा हुनु मात्र पर्याप्त छैन, घोषणाभन्दा बढी विश्वास निर्माण महत्वपूर्ण विषय हो । नेपालमा नीतिको अभावभन्दा पनि विश्वासको अभाव ठुलो समस्याका रूपमा रहिआएको छ । यदि सरकारले यस योगदानलाई स्वचालित बनायो, मिलान योगदानलाई प्रणालीमा तुरुन्तै देखिने पारदर्शी बनायो, पूर्ण डिजिटल पारदर्शिता दियो, न्यूनतम प्रतिफलको ग्यारेन्टी सुनिश्चित गर्‍यो र यो कोषलाई कुनै पनि प्रकारको राजनीतिक हस्तक्षेपबाट मुक्त राख्न सक्यो भने लाखौं श्रमिकहरू यसमा स्वेच्छिक रूपमा सहभागी हुनेछन् । तर यदि यो योजना केवल अर्को एउटा सरकारी कोष, नयाँ प्रकारको कर वा राजनीतिक संरचनामा मात्र सीमित भयो भने यसको ठुलो सम्भावना कमजोर बन्न सक्छ । झन्डै दुई तिहाइको समर्थन पाएको बलियो सरकारले अब केवल पूर्वाधार निर्माणमा मात्र बजेट खर्च गर्ने होइन, राष्ट्रलाई स्थायी आम्दानी दिने ‘रेभेन्यु-बेस्ड प्रोजेक्ट’हरूमा पनि प्राथमिकता दिन ढिला गर्नुहुँदैन । विश्वका धेरै समृद्ध राष्ट्रहरूले आृनो ठुलो प्रशासनिक खर्च ऊर्जा, युटिलिटी, पर्यटन, प्राकृतिक स्रोत तथा रणनीतिक लगानीबाट प्राप्त आम्दानीले धानेका छन् । नेपालले पनि अब सडक र भवन निर्माणसँगै जलविद्युत्, पर्यटन, उद्योग, ऊर्जा निर्यात र राष्ट्रिय लगानी कोषजस्ता आम्दानीमुखी क्षेत्रमा समन्वित लगानी बढाएर आर्थिक आत्मनिर्भरतातर्फ अघि बढ्न आवश्यक छ । सन् २०१०/११ देखि नै श्रमिकका समस्या र सम्भावनाहरूको पक्षमा एड्भोकेसी गर्दै गर्दा मैले कन्ट्रिब्युसनमा आधारित सामाजिक सुरक्षा कोषसँगै साना टिकटका लगानीकर्ताहरूलाई प्रोत्साहन गर्ने मोडल आवश्यक रहेको विषय निरन्तर उठाउँदै आएको थिएँ । झन्डै १२ वर्षपछि २०२३ मा सामाजिक सुरक्षा कोष स्थापना त भयो, तर हामीहरूले अध्ययन र परिकल्पना गरेको प्रभावकारी मोडलिटीअनुसार संरचना विकास हुन नसक्दा कोष स्थापना भए पनि यसको अपेक्षित प्रभाव र वास्तविक इम्प्याक्ट अझै पर्याप्त रूपमा महसुस हुन सकेको छैन । अबको समय रेमिट्यान्सलाई गुजारा अर्थतन्त्रबाट पुँजीवादी अर्थतन्त्रमा रूपान्तरण गर्ने अवसर हो । नेपालले धेरै वर्षसम्म बिदेसिएको श्रमको पसिनाबाट उपभोग त चलायो, तर दिगो राष्ट्रिय पुँजी निर्माणमा ध्यान दिन सकेन । अब समय आएको छ कि रेमिट्यान्सलाई केवल घर चलाउने साधन मात्र होइन बरु राष्ट्र निर्माणको दीर्घकालीन आर्थिक आधार बनाइनुपर्छ । यदि सही संरचना र नियतका साथ काम गर्न सकियो भने मासिक ३०० डलर पठाउने एउटा सामान्य श्रमिकको सानो योगदानले पनि नेपालको ऊर्जा क्रान्ति, औद्योगिक पुनर्जागरण, सामाजिक सुरक्षा र पूर्ण आर्थिक आत्मनिर्भरता निर्माण गर्न सक्छ । त्यसैले आगामी बजेटमा आउन लागेको रेमिट्यान्स म्याचिङ फन्ड केवल एउटा प्राविधिक आर्थिक कार्यक्रम मात्र होइन यो त बिदेसिएको नेपाली श्रमलाई उच्च सम्मानका साथ राष्ट्रिय पुँजीमा रूपान्तरण गर्ने एउटा ऐतिहासिक र गौरवशाली अवसर हो ।

***-रातोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष**: नीति नियम पालनामा विशेष ध्यान दिनुहोला। संवेदनशीलता बढ्नेछ। | **तुला** : पेशामा सहयोग पाइनेछ। नयाँ कार्यको जग बसाउने समय रहेको छ। |
| **वृष** : रोकिएको कामले गति लिनेछ। ज्ञान आधारित प्रतिस्पर्धामा अघि रहीनेछ। | **वृश्चिक** : परिस्थितिलाई अनुकूल बनाउन सकिनेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **मिथुन**: आजको दिनको रुपरेखा तैयार हुनेछ।सम्बन्धमा आपसी समझदारी बढ्नेछ। | **धनु** : मेहनत अनुसार परिणाम प्राप्त हुनेछ। दिगो कार्य प्रारम्भ गर्न सकिनेछ। |
| **कर्कट** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। शुभचिन्तकहरूको साथ पाइनेछ। | **मकर** : पुरानो कार्यबाट लाभ आर्जन गर्न सकिनेछ। सामाजिक उत्तरदायित्व प्राप्त होला। |
| **सिंह** : स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ। कामको मेसो नमिल्दा पछि परिनेछ। | **कुम्भ** : आँटिका कार्यमा सफलता मिल्नेछ। आध्यात्मिक चेतनामा विकास हुनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा दक्षता बढ्नेछ। राजनीतिक गतिविधिमा सक्रिय भूमिका निभाउनु पर्ला। | **मीन** :आत्मसम्मानमा ठेस लाग्न सक्छ। नयाँ कार्यमा हौसला जगाउनेछ। |

## विज्ञान/सूचना प्रविधि

# विश्वकै चर्चित शैक्षिक प्लेटफर्म क्यानभास ह्याक



विश्वभरका हजारौँ विद्यालय र विश्वविद्यालयहरूले प्रयोग गर्ने प्रसिद्ध शैक्षिक प्लेटफर्म क्यानभास अन्तर्राष्ट्रिय साइबर आक्रमणको निशानामा परेपछि आंशिक रूपमा पुनर्स्थापना गरिएको छ । वार्षिक परीक्षाको तयारीमा रहेका विद्यार्थीहरूका लागि यो आक्रमणले ठुलो अन्योल र सास्ती सिर्जना गरेको छ । प्रविधि कम्पनी इन्स्ट्रक्चरद्वारा निर्मित क्यानभास प्रणालीलाई 'शाइनी हन्टर्स' नामक ह्याकिङ समूहले भत्काएको दाबी गरेको छ । ह्याकरहरूले क्यानभासको प्रणालीबाट ३.५ टेराबाइट डाटा चोरी गरेको दाबी गरेका छन् । जसमा विद्यार्थीहरूको नाम, इमेल ठेगाना, विद्यार्थी परिचयपत्र नम्बर र निजी सन्देशहरू समावेश छन् । समूहले आगामी मे १२ सम्म फिरौती रकम नबुझाएमा ती सबै गोप्य विवरणहरू सार्वजनिक गरिदिने धम्की दिएको छ । इन्स्ट्रक्चर कम्पनीले शनिबार आफ्नो वेबसाइटमार्फत क्यानभास अहिले अधिकांश प्रयोगकर्ताका लागि उपलब्ध रहेको र कुनै नयाँ समस्या नदेखिएको बताएको छ । तर, कम्पनीले ह्याकरहरूलाई फिरौती बुझाएको छ वा छैन भन्ने विषयमा भने केही खुलाएको छैन । यस साइबर आक्रमणबाट अमेरिका, नेदरल्याण्ड्स, स्वीडेन, अस्ट्रेलिया र बेलायतसहितका देशहरू बढी प्रभावित भएका छन् । क्यानभासका अनुसार विश्वभरका झण्डै ९ हजार संस्थाहरूका ३ करोड मानिसले यो प्रणाली प्रयोग गर्छन् । क्यानडाको युनिभर्सिटी अफ अल्बर्टाले क्यानभास आंशिक रूपमा सुचारु भए पनि पूर्ण क्षमतामा चल्न बाँकी रहेको जनाएको छ। त्यस्तै सिड्नी विश्वविद्यालयले प्रणाली पुनर्स्थापना भए पनि सुरक्षा जाँच पूरा नभएसम्म कर्मचारी र विद्यार्थीका लागि पहुँच खुला नगरिएको जानकारी दिएको छ । अमेरिकी संघीय अनुसन्धान ब्युरो (एफबीआई) ले शैक्षिक प्रणालीमा भएको यो अवरोधबारे आफूहरू जानकार रहेको र यसले देशभरका शिक्षण संस्था तथा विद्यार्थीहरूलाई प्रत्यक्ष असर पारेको बताएको छ । विशेषगरी अमेरिकामा अहिले परीक्षाको सिजन चलिरहेकाले यो ह्याक सबैभन्दा खराब समयमा भएको विश्लेषण गरिएको छ । पेन्सिलभेनिया स्टेट, हार्वर्ड, इलिनोइस, कोलम्बिया र जर्जटाउन जस्ता प्रतिष्ठित विश्वविद्यालयहरू अहिले परीक्षाको समयसीमा बढाउन वा परिवर्तन गर्न बाध्य भएका छन् । बेलायतको क्याम्ब्रिज विश्वविद्यालयले पनि शुक्रबार क्यानभासको पहुँच अस्थायी रूपमा बन्द गरेको थियो । ह्याकिङ गर्ने समूह शाइनी हन्टर्स सन् २०१९ मा स्थापना भएको एक विश्वव्यापी साइबर अपराध सिन्डिकेट हो। यसअघि यो समूहले गेमिङ क्षेत्रको दिग्गज कम्पनी रकस्टार गेम्समाथि पनि साइबर आक्रमण गरेको थियो । ह्याकरहरूले इन्स्ट्रक्चर कम्पनीले डाटा चुहावट रोक्न आफूहरूसँग कुरा गर्ने प्रयास समेत नगरेको र आफूहरूको माग धेरै ठुलो नरहेको दाबी गरेका छन् । *-रातोपाटी डटकम*

# एप्पलको सिरीमा च्याटहरू आफैँ डिलिट हुने फिचर थपिँदै




एप्पलले आगामी जुनमा आयोजना हुने आफ्नो 'वर्ल्डवाइड डेभलपर्स कन्फरेन्स' मा सिरीको परिमार्जित संस्करण सार्वजनिक गर्ने तयारी गरेको छ । यस पटक एप्पलको मुख्य ध्यान प्रयोगकर्ताको गोपनीयतालाई सुरक्षित राख्ने कुरामा केन्द्रित हुनेछ । आर्टिफिसियल इन्टेलिजेन्सको दौडमा आफूलाई बलियो गरी उभ्याउन एप्पलले अन्य एआई कम्पनीहरूको तुलनामा आफ्नो प्रविधि बढी सुरक्षित र गोपनीयतामैत्री भएको दाबी गर्ने रणनीति बनाएको छ । एप्पलले पहिलो पटक सिरीका लागि एउटा छुट्टै र स्वतन्त्र एप्लिकेसन सार्वजनिक गर्दैछ । यो नयाँ एप गुगलको जेमिनीद्वारा संचालित हुनेछ । र, यसले प्रयोगकर्तालाई च्याटजीपीटी जस्तै 'च्याटबोट' को पूर्ण अनुभव प्रदान गर्नेछ । यस एपमा प्रयोगकर्ताले नयाँ च्याट सुरु गर्न, आवाजमार्फत कुराकानी गर्न र फाइलहरू अपलोड गर्न समेत सक्नेछन् । बजारमा रहेका अन्य च्याटबोटहरूले प्रयोगकर्ताका पुराना कुराकानीहरू लामो समयसम्म भण्डारण गरेर राख्ने र एआई ट्रेनिङका लागि प्रयोग गर्ने भए तापनि एप्पलले यसमा कडा प्रतिबन्ध लगाउनेछ । एप्पलको म्यासेज एप जस्तै यसमा पनि प्रयोगकर्ताले आफ्ना पुराना च्याटहरू ३० दिन वा १ वर्षपछि अटो - डिलिट गरी सेट गर्न सक्नेछन् । साथै, सधैँका लागि राख्न चाहनेका लागि 'इन्डेफिनेट' को विकल्प पनि उपलब्ध हुनेछ । गुगलको जेमिनी मोडल प्रयोग गरे तापनि एप्पलले आफ्ना प्रयोगकर्ताको डाटा सिधै गुगलको हातमा सुम्पिने छैन। एप्पलले यो प्रणालीलाई आफ्नै 'प्राइभेट क्लाउड कम्प्युट' सर्भरहरूमा चलाउनेछ, जसले गर्दा प्रयोगकर्ताका गोप्य कुराकानीहरू गुगलले आफ्नो मोडल ट्रेनिङका लागि प्रयोग गर्न पाउने छैनन् । रिपोर्टका अनुसार, यो नयाँ एआई सिरी आगामी एन्ड्रोइड र आईओएस २७ सँगै सार्वजनिक हुँदा सुरुमा 'बीटा' को ट्यागसहित आउनेछ । एआईमा देखिन सक्ने 'हलुसिनेसन' (गलत सूचना दिने समस्या) र प्रोसेसिंग ल्याग जस्ता प्राविधिक कमजोरीहरूका कारण कम्पनीले आफ्नो साख जोगाउन यसलाई सुरुमा परीक्षणकै रूपमा राख्ने योजना बनाएको हो। प्रयोगकर्ताले चाहेको खण्डमा यो एड्भान्स एआई सिरीलाई बन्द गरेर पुरानै कमान्ड-आधारित सिरीमा फर्किन सक्ने 'इमर्जेन्सी एस्केप ह्याच' को व्यवस्था पनि सेटिङमा उपलब्ध हुनेछ ।

*-अनलाइन खबर डटकम*

# फाइभजी: डिजिटल अर्थतन्त्रको नयाँ आधार




वर्ल्ड इकोनोमी फोरमले 'फाइभजी' प्रविधिलाई 'इन्टेलिजेन्ट इकोनोमी'को आधार मानेको छ । उक्त संस्थाले फाइभजी प्रविधि उद्योग, शिक्षा, स्वास्थ्य, कृषि र सार्वजनिक सेवामा डिजिटल क्रान्तिका लागि आवश्यक रहेको जनाएको छ । उच्च गतिको इन्टरनेट, 'लो लेटेन्सी' र कैयौँ उपकरणलाई एकैसाथ जोड्ने क्षमताका कारण फाइभजीले कृत्रिम बुद्धिमत्ता, स्मार्ट सिटी, स्वचालित उद्योग र डिजिटल व्यापारलाई नयाँ उचाइमा पुर्याउन सक्ने फोरमको निष्कर्ष छ । फाइभजीले उत्पादनशीलता, रोजगारी, नवप्रवर्तन र आर्थिक वृद्धिलाई तीव्र बनाउँदै राष्ट्रलाई चौथो औद्योगिक क्रान्तिको केन्द्रतर्फ अघि बढाउने शक्तिशाली उत्प्रेरकको भूमिका खेल्न सक्छ । हाल विश्वमा फाइभजी नेटवर्क केवल उच्च गतिको इन्टरनेट सेवा मात्र नभई मुलुकको अर्थतन्त्र रूपान्तरण गर्ने आधारभूत पूर्वाधारका रूपमा पनि हेरिन थालेको छ । नेपालजस्तो विकासशील देशको सन्दर्भमा हेर्दा यसबाट अर्थतन्त्रका धेरै क्षेत्रमा ठूलो परिवर्तन आउन सक्ने विज्ञहरू बताउँछन् । फाइभजी विस्तार हुँदा डिजिटल कारोबार, मोबाइल बैङ्किङ, ई-कमर्स तथा नगदरहित भुक्तानी प्रणालीलाई तीव्र गति दिन सक्छ । उद्योग क्षेत्रमा स्मार्ट मेसिन, स्वचालन र रियल-टाइम डाटा प्रयोग बढेर उत्पादन क्षमता र दक्षता वृद्धि हुने अपेक्षा गरिएको छ । कृषि क्षेत्रमा ड्रोन, स्मार्ट सेन्सर तथा डिजिटल सिँचाइ प्रणालीमार्फत उत्पादन वृद्धि र लागत नियन्त्रण सम्भव हुने देखिन्छ । पर्यटन क्षेत्रमा भर्चुअल रियालिटी, स्मार्ट ट्राभल सेवा र डिजिटल प्रवर्द्धनमार्फत नेपाललाई अन्तरराष्ट्रिय बजारमा अझ प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिनेछ । स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन, भिडियो परामर्श र रिमोट स्वास्थ्य निगरानी प्रणाली विस्तार हुँदा दुर्गम क्षेत्रका नागरिकले विशेषज्ञ सेवा पाउन सक्नेछन् । शिक्षा क्षेत्रमा अनलाइन कक्षा, डिजिटल ल्याब र एआई-आधारित सिकाइ प्रणालीले ग्रामीण र सहरी शिक्षाबीचको दूरी घटाउन मद्दत गर्ने अपेक्षा गरिएको छ । विश्वबजारमा अभ्यासहरू हेर्ने हो भने यो प्रविधिले मेसिन तथा उपकरणलाई उच्च गतिको डेटा सेवामार्फत जोड्दै व्यापक डिजिटल रूपान्तरण दिशातर्फ उन्मुख भइरहेको छ । अझै नवीन प्रविधि 'सिक्सजी'मा पनि तयारी थालिसकेको देखिन्छ । फाइभजीले नेपालमा आइटी, स्टार्टअप, क्लाउड कम्प्युटिङ र डाटा सेन्टर उद्योगलाई समेत गति दिने विश्वास गरिएको छ । यसले युवाहरूका लागि नयाँ रोजगारी सिर्जना गर्नाका साथै डिजिटल सेवा निर्यातको सम्भावना बढाउनेछ । काठमाडौँलगायत सहरमा स्मार्ट ट्राफिक, डिजिटल सुरक्षा तथा सार्वजनिक सेवा व्यवस्थापन प्रभावकारी बन्ने देखिन्छ । ऊर्जा क्षेत्रमा स्मार्ट ग्रिड र रियल-टाइम निगरानी प्रणालीमार्फत विद्युत् वितरणलाई व्यवस्थित बनाउन सकिनेछ । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिना फाइभजीमा जाने विषयमा द्विविधा नभए पनि तत्कालै फोरजी बन्द गरेर फाइभजीमा जाने अवस्था पनि नबनिसकेकाले सरकार फोरजीको गुणस्तर सुधार गरी अधिकतम उपयोग गर्दै फाइभजी सेवामा प्रवेश गर्ने योजनामा रहेको बताउछन् । उनले फाइभजी प्रविधि विस्तारका लागि सरकारले हालै ३३००-३७०० मेगाहर्ज ब्यान्ड खुला गर्न मार्गप्रशस्त गरेसँगै फ्रिक्वेन्सी उपलब्ध गराउने प्रक्रिया अघि बढाएको बताए । मन्त्री डा तिमिल्सिनाले रेडियो प्रिक्वेन्सी नीति निर्धारण समितिको बैठकले प्रतिमेगाहर्ज आधारमूल्य रु ४० लाख निर्धारण गरेको उल्लेख गरे । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार टेलिकम सेवाप्रदायकलाई फाइभजीका लागि फ्रिक्वेन्सी उपलब्ध गराउनका लागि तयारी भइरहेको छ । प्राधिकरणका उपनिर्देशक डा प्रदीप पौड्यालका अनुसार फाइभजीका लागि फ्रिक्वेन्सी दिन तयारी गरिएको छ भने फ्रिक्वेन्सीको आधार मूल्य पनि तोकिएको छ । अबको केही समयपछि आवश्यक फ्रिक्वेन्सी अक्सन (लिलाम बढाबढ) गरेर दूरसञ्चार कम्पनीलाई दिनेगरी प्रक्रिया अगाडि बढाइने उनको भनाइ छ । उपनिर्देशक पौड्यालले अब फाइभजीको परीक्षण गरिरहनुपर्ने अवस्था नरहेकाले सिधै फ्रिक्वेन्सी दिन लागिएको हो । "नेपाल टेलिकमले यसअघि काठमाडौँको सुन्धारा र बबरमहल तथा पोखरा एवं वीरगञ्जमा फाइभजीको परीक्षण गरिसकेको छ, उक्त परीक्षणमा नेपालमा पनि अन्तरराष्ट्रियस्तरमा जस्तै फाइभजी सेवा विस्तारका लागि सम्भव देखाइसकेको छ । त्यसैले अब परीक्षण गरिरहनु आवश्यक छैन, टेलिकम सेवाप्रदायकले चाहेमा फाइभजीका लागि फ्रिक्वेन्सी लिन सक्छन", उनले भने । निजी क्षेत्रको टेलिकम सेवाप्रदायक एनसेलले भने केही समय अघि फाइभजी परीक्षणका लागि अनुमति माग गरेको जनाएको छ । फाइभजी परीक्षणका लागि यो तेस्रो पटक आवेदन दिइएको एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले हालै एक कार्यक्रममा बताए। "आवश्यक स्वीकृतिहरू प्राप्त भएमा यो क्षेत्रमा ठूलो लगानी गरेर प्रविधि विकासलाई गति दिन हामी तयार छौँ । फाइभजी नेटवर्क, डाटा सेन्टर तथा घर-घरमा गिगाबिट फाइबर सेवा विस्तार गर्ने हाम्रो योजना छ", उनले भने । नेपाल टेलिकमका सहप्रवक्ता प्रक्षेत थापा क्षेत्रीले पनि फाइभजी सेवा सञ्चालनका कम्पनीले तयारी गरिरहेको बताए। उनका अनुसार नेपाल टेलिकम नियामक निकायबाट फ्रिक्वेन्सी प्राप्त गरी प्रमुख सहरहरूमा फाइभजी सेवा सञ्चालनको योजनामा छ । "फाइभजी सेवा खरिद गर्न ठूलो लगानी गर्नुपर्ने र दूरसञ्चार क्षेत्रमा वार्षिक फ्रिक्वेन्सी दस्तुर, अनुमतिपत्र र नवीकरण दस्तुर, ग्रामीण दूरसञ्चार विकास कोष र रोयल्टीलगायत अत्यधिक कर, दस्तुर आवश्यक पर्ने हुँदा हालको अवस्थामा अपेक्षित प्रतिफल प्राप्तिका लागि केही नीतिगत व्यवस्थासमेत गर्नुपर्ने देखिन्छ", क्षेत्रीले भने ।

**के हो फाइभजी ?**

फाइभजी अर्थात् पाँचौँ पुस्ताको सञ्चार सेवा हो । यो हाल प्रयोग भइरहेको फोरजीपछिको आधुनिक र द्रुत सञ्चार प्रविधि हो । कृत्रिम बौद्धिकता, स्मार्ट सिटी, डिजिटल शिक्षा, टेलिमेडिसिन, क्लाउड कम्प्युटिङ, भर्चुअल रियालिटी र स्वचालित उद्योगका लागि फाइभजी महत्त्वपूर्ण मानिन्छ । विज्ञहरूको अनुसार हाल दुई घण्टाको चलचित्र डाउनलोड गर्न थ्रिजी नेटवर्कमा औसत २६ घण्टा लाग्छ भने फोरजी नेटवर्कमा छ मिनेट, तर फाइभजीमा भने केही सेकेन्डमै डाउनलोड सम्भव हुन्छ । फाइभजी सञ्चालन भएपछि नेपालमा अल्ट्रा एचडी भिडियो, एआर-भिआर सेवा, स्मार्ट उद्योग, डिजिटल हेल्थ, स्मार्ट शिक्षा तथा आधुनिक प्रविधिको प्रयोग सहज हुनेछ । फाइभजीको गति फोरजीभन्दा करिब १० गुणासम्म बढी हुन्छ भने यसको क्षमता सय गुणासम्म उच्च मानिन्छ । यसले १० जिबिपिएससम्म इन्टरनेट गति दिन सक्छ । साथै, प्रतिक्रिया समय निकै कम हुने भएकाले 'रियल टाइम' सेवा सम्भव हुन्छ । यसको अर्थ केवल छिटो भिडियो हेर्नु मात्र होइन, फाइभजीमार्फत टाढाबाट शल्यक्रिया, चालकविहीन सवारी, स्मार्ट कृषि, स्वचालित उद्योग, स्मार्ट ट्राफिक व्यवस्थापन, डिजिटल बैङ्किङ, अनलाइन शिक्षा र कृत्रिम बौद्धिकतामा आधारित सेवाहरू सहज रूपमा सञ्चालन गर्न सहज हुनु हो । सरकारले डिजिटल पूर्वाधारलाई आर्थिक विकासको मुख्य आधारका रूपमा लिन थालेको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई लगानीमैत्री र डिजिटल अर्थतन्त्रतर्फ उन्मुख बनाउन सरकार केन्द्रित रहेको बताइसकेका छन् । नेपालमा स्मार्टफोन प्रयोगकर्ता बढिरहेका छन् । फाइभजी सपोर्ट गर्ने मोबाइलको आयात पनि बढ्दो क्रममा छ भने डाटा प्रयोग हरेक वर्ष वृद्धि भइरहेको छ । विश्वका धेरै देशले अहिले टुजी र थ्रिजी सेवा बन्द गरिरहेका छन् । विश्व सिक्सजीतर्फ अघि बढिरहेको अवस्थामा नेपालले पनि फाइभजीतर्फ कदम बढाउन थालेको हो ।

**चुनौती पनि धेरै**

फाइभजी विस्तार सहज भने छैन । यसका लागि ठूलो लगानी आवश्यक पर्छ । एउटा सेवाप्रदायकका लागि मात्रै करिब रु ४० अर्बसम्म लगानी आवश्यक पर्ने अनुमान गरिएको छ । नेपालको दूरसञ्चार उद्योग पछिल्ला वर्षमा दबाबमा छ । ओटिटी सेवाको वृद्धि, इन्टरनेट सेवा प्रदायकसँगको प्रतिस्पर्धा, उच्च कर र नीतिगत अस्थिरताले उद्योगको आम्दानी र नाफामा असर परेको देखिन्छ । नेपाल टेलिकमका सहप्रवक्ता क्षेत्रीले फाइभजी सेवा सुरु गर्नुभन्दा पहिले नीतिगत सहजता आवश्यक रहेको बताए । "फाइभजीका लागि ठूलो लगानी गर्नुपर्छ, तर टेलिकम कम्पनीहरूको घट्दो आम्दानीको ग्राफले कम्पनीहरू फाइभजीका लागि नीतिमा सुधार आवश्यक रहेकामा प्रष्ट छन", उनको भनाइ छ । एनसेलका प्रमुख कार्यकारी अधिकृत फोले नेपाललाई डिजिटल अर्थतन्त्रमार्फत समृद्धिको नयाँ चरणमा लैजान दूरसञ्चार पूर्वाधारमा तीव्र लगानी आवश्यक रहेको बताए । उनका अनुसार डिजिटल कनेक्टिभिटी अब ऐच्छिक सेवा रहेन, यो आधारभूत आवश्यकता बनिसकेको छ । "दूरसञ्चार, एआईलगायत क्षेत्रमा नेपालमा अझै पर्याप्त लगानी हुन सकेको छैन, जसले गर्दा हामी विश्वव्यापी प्रगतिभन्दा पछाडि परिरहेका छौँ", फोलेले भने । जानकारहरूका अनुसार फाइभजी सफल बनाउन केवल नेटवर्क निर्माण मात्र पर्याप्त हुँदैन, त्यसका लागि दीर्घकालीन नीति स्थिरता, स्पेक्ट्रम शुल्कमा सहजीकरण, उपकरण आयातमा कर छुट, डिजिटल सुरक्षा कानुन र स्थिर व्यापार मोडल पनि आवश्यक हुन्छ । *-रासस*

# प्याब्सन पाल्पाद्वारा विद्यार्थीलाई सम्मान




**पाल्पा (तानसेन),** जेठ ४/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) पाल्पाले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विद्यालयलाई सम्मान गरेको छ । तानसेनमा एक कार्यक्रमको आयोजना गरेर प्याब्सनले जिल्लामा रहेका संस्थागत विद्यालयका एक सय २१ जना विद्यार्थीलाई पुरस्कारसहित सम्मान गरेको हो ।

प्याब्सनले सम्मान गरेका विद्यार्थीले एसईई परीक्षामा ३.६० भन्दा माथि जिपिए हासिल गरेको जिल्ला सचिव गंगाबहादुर खत्रीले जानकारी दिए । सम्मानित विद्यार्थी र विद्यालयलाई लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम बहादुर सारुले पुरस्कारसहित सम्मान गरेका हुन् । सम्मान गर्दै उनले निजी विद्यालयले शैक्षिक क्षेत्रमा खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले समग्र जिल्लाको शैक्षिक विकासका लागि समन्वय, सहकार्य र आवश्यक भूमिका निर्वाह गर्दै अघि बढ्नका लागि व्याब्सनलाई सुझाव दिए । मन्त्री सारुले विद्यार्थीहरूलाई बधाई दिँदै सिकेको ज्ञान र उच्च अंकलाई समाज र राष्ट्रको हितमा उपयोग गर्न आग्रह गरे । कार्यक्रमका विशिष्ट अतिथि शिक्षा विकास तथा समन्वय ईकाई पाल्पाका प्रमुख प्रेमराज खरेलले संस्थागत विद्यालयहरूको गुणस्तरीय शैक्षिक व्यवस्थापनकै कारण जिल्लाको समग्र नतिजा उत्साहजनक आएको उल्लेख गर्दै सम्मानित विद्यार्थीहरूलाई आगामी शैक्षिक यात्राको शुभकामना व्यक्त गरे । प्याब्सन पाल्पाका अध्यक्ष डाँसुराम पन्तले उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै प्याब्सन सदैव विद्यार्थीहरूको चौतर्फी विकास र गुणस्तरीय शिक्षाका लागि प्रतिबद्ध रहेको बताए । कार्यक्रममा जिल्लाका विभिन्न संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक, सम्मानित विद्यार्थी तथा अभिभावकहरूको उपस्थिति रहेको थियो ।

## पाल्पामा संविधान...

...निर्वाचनमा सहभागी भएका जिल्लाका बामपन्थी राजनीतिक दलहरुले अब मुलुक र जनताको परिवर्तनको लागि फुटेर होईन जुटेर एउटै कम्युनिष्ट पार्टी बनाएर काम गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीले मुलुकमा स्थायी अभिभावको रुपमा राजतन्त्र र राजासहित प्रजातन्त्र आवश्यक रहेको बताईरदा अन्य दलहरुले भने राजतन्त्रको अवस्था भोगिसकेकाले उपयुक्त व्यवस्था गणतन्त्र रहेकाले देखिएका कमिकमजोरीहरुलाई सुधार गरेर जानुपर्नेमा जोड दिए । कार्यक्रममा राष्ट्रिय जनमोर्चाका केन्द्रिय सदस्य गणेश आचार्यले संविधान संशोधनका विषयमा पार्टीको १५ बुँदे अवधारणपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा राष्ट्रिय जनमोर्चाका केन्द्रिय सदस्य सोम कुमार कार्की, संविधान सभा सदस्य लिला सोमै, पुर्व सांसद यादव बहादुर रायमाझी, जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, नेपाली काँग्रेसका प्रवक्ता शोभाखर न्यौपाने, नेपाली कम्युनिष्ट पार्टीका सचिव जगन्नाथ नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुवँर, नेकपा माओवादीका संयोजक मिनबहादुर बगाले, बामपन्थी विश्लेषक मथुरा ढकाल, त्रिभुवन बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख सन्तोष खनाल, बुद्धिजिवी निर्मल श्रेष्ठ लगायतले अवधारणामा आधारित रहेर संविधान संशोधनका विषयमा आ-आफ्नो राय प्रस्तुत गरेका थिए । राष्ट्रिय जनमोर्चाले जिल्ला जिल्लामा राजनीतिक दल, नागरिक समाज, पत्रकारहरुको संविधान संशोधनका विषयमा विचार बाहिर ल्याउन ७७ वटै जिल्लामा संविधान संशोधनका विषयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको पाल्पाका अध्यक्ष विशाल दर्लामीले बताए । अध्यक्ष दर्लामीको अध्यक्षता, सह-सचिव नर्मती सिंजालीको स्वागत, सचिव विरेन्द्र मिदुनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## छुट्टाछुट्टै घटनामा...

...झापाको कमल गाउँपालिका-१ स्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । सोलमारीबाट केर्खातर्फ आउँदै गरेको को.१० प १४८० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-१ बस्ने ७० वर्षीय शंखर प्रसाद ढुङ्गानाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिएण्डसि अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको छ । यस्तै दाङको लमही नगरपालिका-९ अमिलिया चोकस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । अमिलियाबाट तुलसीपुरतर्फ जाँदै गरेको लु.प्र.०२-००२ प २४८६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक तुलसीपुर उपमहानगरपालिका-७ रामनगर बस्ने २२ वर्षीय नोखिराम केसीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको राप्ती प्रादेशिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

खेलकुद समाचार

## स्कटल्यान्डलाई हराउँदै नेपाल लिग-२ मा उक्लियो




**काठमाडौं,** जेठ ४/आईसीसी क्रिकेट विश्वकप लिग-२ शृङ्खलामा नेपालले स्कटल्यान्डलाई ६ विकेटले हराएको छ । स्कटल्यान्डले दिएको १९५ रनको लक्ष्य नेपालले ३८ ओभर १ बलमा ४ विकेट गुमाएर भेटायो । नेपालका कप्तान रोहित पौडेलले नटआउट ७४, ईशान पाण्डेले ५५ रन बनाए । दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलेका पाण्डेको यो पहिलो अर्धशतक हो । तेस्रो विकेटका लागि रोहित र ईशानले १०४ रनको साझेदारी गरे ।

स्कटल्यान्डका मार्क वाटले २ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट रङ्गशालामा टस जितेर ब्याटिङ गरेको स्कटल्यान्डले ३९ ओभर १ बलमा १९४ रन बनाउँदा सबै विकेट गुमायो । स्कटल्यान्डका ब्रान्डन म्याकमुलेनले ७३, माइकल इङ्गिलशले ५१ रन बनाए । नेपालका ललित राजवंशीले ४, सन्दीप लामिछानेले ३ विकेट लिए । यो जीतसँगै नेपाल लिग-२ तालिकामा २७ खेलमा २२ अङ्कसहित पाँचौं स्थानमा उक्लिएको छ । यस्तै स्कटल्यान्ड ३१ खेलमा ३८ अङ्कसहित शीर्ष स्थानमा र अमेरिका २६ खेलमा ३६ अङ्कसहित दोस्रो स्थानमा छ । कीर्तिपुरमा चलिरहेको लिग-२ शृङ्खलाको पहिलो खेलमा नेपाल स्कटल्यान्डसँग पराजित भएको थियो भने दोस्रो खेलमा अमेरिकालाई हराएको थियो । सोमबारको खेलमा सन्दीप लामिछानेले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा विश्व कीर्तिमान बनाएका छन् । २५ वर्षीय सन्दीप एकदिवसीय अन्तर्राष्ट्रिय सबैभन्दा छिटो १५० खेलमा विकेट लिने खेलाडी बनेका हुन् ।

### पेन्सनपट्टा हराएको सूचना

मिति २०८२/१२/१५

गतेका दिन पाल्पाको हुँगीदेखि तानसेन आउँदै गर्दा स्व.इन्द्रीरा सापकोटा नेपालीको नाममा रहेको निम्न व्यहोराको पेन्सन पट्टा हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** कोपिल सिंह नेपाली (हकवाला)
**ठेगाना :** रम्भा गा.पा.-१, हुँगी, पाल्पा (साविकको हुँगी गाविस–५), पाल्पा
**पेन्सन पट्टा नं. :** 1003287
**सम्पर्क नं. :** 9743476379

अर्थ/कर्पोरेट समाचार

## नेप्से झिनो अङ्कले गिरावट



**पाल्पा,** जेठ ४/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार झिनो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक एक दशमलव शून्य तीन अङ्कले ओरालो लागेर दुई हजार सात सय ३० दशमलव ९१ मा सीमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक भने शून्य दशमलव ५० अङ्कले उकालो लागेर चार सय ६८ दशमलव शून्य पाँचमा पुगेको छ । कुल तीन सय ३९ कम्पनीको ५८ लाख २८ हजार छ सय चार कित्ता शेयर रु दुई अर्ब ४५ करोड आठ लाख ७८ हजार चार सय ४९ मूल्यमा खरिद बिक्री भएको छ । कारोबार भएका कम्पनीमध्ये एक सय १९ कम्पनीको शेयर मूल्य वृद्धि भएको छ भने एक सय ३२ कम्पनीको ओरालो लागेको छ । कुल १८ कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन । कारोबारका आधारमा साहस ऊर्जा, रिलायान्स स्पिनिङ मिल्स, एसवाई प्यानल, अपी पावर कम्पनी र शिवम् सिमेन्ट शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । त्यस्तै, इङ्वा हाइड्रोपावर, बुद्रल हाइडड्रोपावर, सगरमाथा जलविद्युत् कम्पनी, एनआइबिएल समृद्धि फण्ड दोस्रो र प्रभु बैंकको विडेञ्चरका लगानीकर्ताले कमाएका छन् । निफ्रा ऊर्जा ऋणपत्र, एसवाई प्यानल नेपाल, पाल्पा सिमेन्ट, भगवती हाइड्रोपावर र बोटलर्स नेपालका लगानीकर्ताले भने गुमाएका छन ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई